# स्थानीय राजपत्र

दोर्दी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ६) नौथर, लमजुङ २०७९ साल चैत्र ५ गते (संख्या ०३)

## भाग-२

## सामुदायिक आधारभुत/माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापनसम्बन्धी कार्यविधि २०७९

(गाउँसभाबाट स्वीकृत मितिः २०७९/१२/०३)

१) परिचयः

दोर्दी गाँउपालिकाको आ व २०७९/८० को लागी स्वीकृत कार्यक्रम अनुसार सामुदायिक विद्यालयमा गरिने शिक्षण विधिलाई गुणस्तरिय एवं प्रतिस्पर्धी बनाउन सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी समपूर्ण सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाउदै शैक्षिक उपलब्धीलाई वृद्धी गर्नका लागी समुदायिक आधारभूत/माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापन गर्न विशेष अनुदान मार्फत बजेट विनियोजन भए अनुसार उक्त कार्यक्रमलाई पारदर्शी ब्यवस्थित र नतिजामुलक बनाउने अभिप्रायले यो कार्यविधि निर्माण गरी लागु गरिएको छ।

### परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "  सामुदायिक आधारभुत/माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) “ऐन” भन्नाले “दोर्दी गाँउपालिकाको शिक्षा ऐन,२०७५” लाई सम्झनु पर्छ।

(ख) “कार्यपालिका” भन्नाले दोर्दी गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) “गाँउपालिका” भन्नाले दोर्दी गाँउपालिकालाई सम्झनु पर्छ।

(घ) “प्रमुख” भन्नाले दोर्दी गाँउपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दोर्दी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) “शाखा” भन्नाले दोर्दी गाँउपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(छ) “शिक्षा अधिकृत” भन्नाले गाँउपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ज) “विद्यालय” भन्नाले दोर्दी गाँउपालिका भित्र रहेका सामुदायिक विद्यालय सम्झनु पर्छ।

(झ) “कार्यक्रम” भन्नाले सुचना तथा सञ्चार प्रविधि प्रयोगशाला बनाउनकालागी सञ्चालित समुदायिक आधारभुत/माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापन कार्यक्रम सम्झनु पर्छ।

(ञ) “समिति” भन्नाले समुदायिक आधारभुत/माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापन गर्नका लागी बनेको समिति बुझ्नु पर्छ।

३। कार्यक्रम सञ्चालनका आधारहरुः सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना कार्यक्रमका आधारहरु देहाय बमोजिमका हुनेछन्।

(क) माध्यमिक तह सम्म सञ्चालित विद्यालय हुनु पर्ने।

(ख) आधारभूत तहमा (कक्षा १-५) र (कक्षा १-८) सञ्चालन भएको हुनु पर्ने।

(ग) विद्यालयमा विद्युत पुगेको र जडान गरिएको हुनु पर्ने।

(घ) विद्यालयले सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गर्नकालागी यसै आ व मा संघ, प्रदेश र स्थानिय तहबाट बजेट उपलब्ध नगराईएको ।

(ङ) सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको लागी आवस्यक ब्यवस्थित कक्षा कोठाको ब्यवस्था गरेको हुनु पर्ने।

(च) सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना पछी निरन्तर प्रयोगको प्रबन्ध मिलाउन वा विग्रन नदिन दक्ष प्राविधिकहरु संग वार्षिक वा आवधिक मर्मत सम्झौता गरिएको हुनु पर्ने।

(छ) सूचना प्रविधि प्रयोगशाला स्थापना पछि त्यसको पूर्ण लाभ लिनको लागी विद्यालयमा दक्ष दनशक्ती हुनु पर्ने । (नभएमा तालिम मार्फत दक्ष बनाउने प्रतिबद्दता पत्र)

## परिच्छेद – २

४। विद्यालय छनोटका आधारहरु – ३५ पूर्णाङ्क

विद्यालय छनोटका आधारहरु देहायबमोजिमका हुनेछन्।

(क) विद्यालयमा सञ्चालित कक्षा

(अ) माध्यमिक विद्यालय कक्षा १-१२ सञ्चालित – १० अङ्क

(आ) माध्यमिक विद्यालय कक्षा १-१० सञ्चालित –८ अङ्क

(इ) आधारभूत विद्यालय कक्षा १-८ सञ्चालित – १० अङ्क

(ई)आधारभूत विद्यालय कक्षा १-५ सञ्चालित – ८ अङ्क

(ख) विद्यार्थी सङ्ख्या – १० अङ्क

(अ) १५० वा सो भन्दा माथी विद्यार्थी सङ्ख्या भएको माध्यमिक विद्यालय - १० अङ्क

(आ) १५० भन्दा कम विद्यार्थी सङ्ख्या भएको माध्यमिक विद्यालय - ८ अङ्क

(इ) ८० वा सो भन्दा माथी विद्यार्थी सङ्ख्या भएको आधारभूत विद्यालय - १० अङ्क

(ई) ८० भन्दा कम विद्यार्थी सङ्ख्या भएको आधारभूत विद्यालय - ८ अङ्क

(ग) भर्ना दर – १० पूर्णाङ्क

(अ) कुल विद्यार्थी सङ्ख्याको ५०% वा सो भन्दा माथी छात्रा अध्ययनरत भए - १० अङ्क

(आ) कुल विद्यार्थी सङ्ख्याको ५०% भन्दा माथी छात्रा अध्ययनरत भए - ८ अङ्क

(घ) SEE/BLE को नतिजा ५ पूर्णाङ्क

(अ) पछिल्लो तिन वर्षको उच्चतम तहको नतिजालाई आधार मानेर - ५ अङ्क

५। प्रस्ताव आह्वानको सूचना

(क)सामुदायिक आधारभुत/माध्यमिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापनसम्बन्धी कार्यविधि २०७९ को अनुसूची १ बमोजिमको प्रस्ताव आह्वान गर्नेछ।

(ख) प्रताव पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकासन गर्नेछ।

(ग) विद्यालयले प्रस्तावको साथमा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ।

१ कार्यक्रम माग सहितको प्रस्तावना। अनुसूची १ बमोजिम।

२ वि ब्य स बाट कार्यक्रम आवश्यक रहेको र माग गर्ने निर्णयको प्रतिलिपी ।

३ विद्यालयमा संचालित उच्चतम कक्षाको विगत तिन वर्षको नतिजा।

४ वडा कार्यालयको सिफारीस ।

(घ) विद्यालयले सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन अनुसारको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

६। सूची प्रकाशन

दफा ४ का आधारमा छनोट भएङ्का विद्यालयहरुको नामावली शाखाले सूचनापाटीमा टाँस गर्नेछ। छनोट सम्पन्न भइसकेपछी शाखाले विद्यालयहरुलाई सम्झौताको लागी प्त्रचार गर्नेछ।

परिच्छेद – ३

७। अनुदान रकम

(क) छनोट भएका विद्यालयका लागी बढीमा रु ६,५०,०००। (छ लाख पचासहजार) सम्म अनुदान वा सामाग्री दरिद गरी दिन सक्नेछ।

(ख) सम्झौता अनुसारको सामाग्री खरीद र निर्माण कार्य सम्पन्न भए पछी कार्यक्रम सम्पन्न गरीएको कागजात शाखामा पेश गर्नु पर्नेछ।

(ग) विद्यालयले प्रयोगशाला स्थापनाको लागी गाँउपालीका कर्मचारी, स्थानिय तहको प्रतिनिधी, वि ब्य स को प्रतिनिधी, शिक्षक प्रतिनिधी र प्रधानाध्यपक सहितको पाँच जनाको(कम्तीमा एक जना महिला सहित) समिती गठन गर्नु पर्नेछ।

(घ) विद्यालयले कार्य सम्पन्न भएको प्रतिवेदन कार्य भएको भनि वि ब्या स बैठकबाट भएको निर्णय वडाको सिफारीस सहित

(ङ) शाखाले प्रयोगशाला स्थापना सम्पन्न भए पश्चात अनुगमन गरिनेछ।

(च) छनोटमा परेका विद्यालयहरुले तोकिएको समयमानै सम्झौता गरि सक्नु पर्नेछ।

(छ) सम्झौता भएको १५ दिन भित्रनै कार्य प्रारम्भ गरी ६० दिन भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ।

दोर्दी गाउँपालिका

अनुसुची-१

सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना तथा ब्यवस्थापन प्रस्ताव

१ परिचय

क। विद्यालयको नामः

ठेगानाः मो नः इमेलः

ख। प्रधानाध्यापकको नामः

ग। परियोजनाको नामः

घ। परियोजनाको लागतः

ङ। परियोजना सुरु मितिः

च। परियोजना सम्पन्न हुने मितिः

२। विद्यालय परिचय

क। विद्यालयः विद्यालय स्थापना कालदेखी हालसम्मको अवस्था

ख। शैक्षिक उपलब्धीको अवस्थाः

ग। विद्यालयको सेवा क्षेत्रको सामाजिक नक्सा

घ। उद्देस्य

५ विद्यालयको वर्तमान अवस्थाः

क। जनशक्ती

ख। विद्यार्थी संख्या

ग। भौतिक अवस्था  भवन र कोठा संख्या खुल्ने गरी

घ।  विद्युतको अवस्थाः

६ शिक्षण सिकाईमा योगदानः

क। प्रयोग रणनीति

ख। प्रयत्यक्ष लाभान्वित विद्यार्थी संख्या

ग। प्रत्यक्ष लाभान्वित शिक्षक संख्या

७ प्रस्तावमा पेश हुनु पर्ने कागजातहरुः

क। यो बर्ष यो किसमको योजना नलिइएको स्व घोषणा पत्र ।

ख। प्रस्तावित कार्यक्रम संघ प्रदेश र शिक्षा विकास तथा समन्वय इकाइबाट प्राप्त भए नभएको  जानकारी।

ग। विद्यालय ब्यवस्थापन समितिको निर्णयका प्रतिलिपी ।

अनुसुची-२

सूचना तथा संचार प्रविधी प्रयोगशाला स्थापनाका आवश्यक न्यूनतम सामाग्री

| S.N. | Item |
|---|---|
| 1 | Minimum 100Mbps Fiber Internet |
| 2 | Interactive smart board |
| 3 | Schooling software |
| 4 | Interactive white board and projector |
| 5 | Minimum 1000watt Invertor/ UPS |
| 6 | Branded PC |
| 7 | Furniture Management |

❖ विद्यालय वा खरिद कर्ताले माथी उल्लेखित सामानहरुको विस्तृत Technical specification तयार गराई सार्वजनिक सूचना गर्नु पर्दछ।

❖ पालिकामा सुचिकृत  आपूर्तीकर्ता बाट तोकिए बमोजिमको सामाग्री खरीद गर्नु पर्नेछ।

गोर्खा गाउँपालिका

❖ विद्यालय वा खरिद कर्ताले सामान प्रदान गर्न प्रतिष्पर्धा गर्न आपूर्तिकर्ताबाट सामान आपूर्ति गर्ने कागजातमा खरिद पूर्व तयारी सम्बन्धी आपूर्तीकर्ताबाट नमूना परिक्षणको व्यवस्था गरि खरिद सम्बन्धी कार्य गर्ने व्यवस्था समावेस गर्नुपर्ने छ।

**आज्ञाले,**
**शम्सेर गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**

दोर्दी गाउँपालिका